# भरतपुर खानेपानी व्यवस्थापन बोर्ड, भरतपुर, चितवन

## आ.ब. २०७२/०७३को वार्षिक प्रतिवेदन

**१. पृष्ठभूमिः**

भरतपुर उप-महानगरपालिका उच्च जनसंख्या बृद्धि भएको नगर हो । साबिक भरतपुर नगरपालिका (वडा नम्बर १-१४)मा छिमेकी ५ गा.वि.स.हरु मंगलपुर, फुलबारी,गितानगर, शिवनगर र पटिहानी लाई गाभेर नेपाल सरकारले आ.ब. २०७१।०७२ मा भरतपुर उप-महानगरपालिका घोषणा गरेपश्चात यस उप-महानगरपालिकामा २९ वटा वडाहरु छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार २०६८ आषाढ मसान्तको भरतपुर उप-महानगरपालिका (वडा न. १-१४) को घरसंख्या २४,१४३, जनसंख्या १,४३,८३६ र बार्षिक जनसंख्या बृद्धिदर ४.७६ थियो । त्यसैगरि थप भएका ५ गा.वि.स. हरुको २०६८ आषाढ मसान्त सम्मको घरसंख्या ११,७९१, जनसंख्या ५६,०३१ र औसत बार्षिक जनसंख्या बृद्धिदर १.५१ थियो । उल्लेखित जनसंख्या बृद्धिदर अनुसार प्रक्षेपण गर्दा २०७३ आषाढ सम्मको भरतपुर उप-महानगरपालिकाको कुल जनसंख्या २,४१,८६८ र घर संख्या ४३,१३१ हुन आउँछ ।

भरतपुरमा जुगेडि खोलावाट खानेपानी आपुर्तिको शुरुवात खानेपानी तथा ढल निकास विभागवाट वि.सं. २०३३ देखि शुरु भएको हो । जापान सरकारको सहयोगमा वि.सं. २०५० सालमा दुइवटा ट्यूबवेल, रामनगर फिल्टर प्लाण्ट, १६०० घ.मी.को पानीपोखरी र थप वितरण लाईन निर्माण गरि  आयोजनाको सुधार विस्तार गरियो । यो आयोजना वि.सं. २०५६ श्रावण १ गतेदेखि  नेपाल खानेपानी संस्थान भरतपुर शाखालाई हस्तान्तरण गरियो । बि.सं.२०६१मा जुगेडी सिष्टम बाढिबाट क्षतिग्रस्त भई रामनगर र देबघाट क्षेत्रको सेवा बन्द भयो । संस्थानले त्यसको मर्मत संभार गर्न र  समयानुकुल सेवा प्रणालीको विस्तार गर्न सकेन । सेवा विस्तारको लागि भरतपुर उप-महानगरपालिकाले खानेपानी व्यवस्थापन वोर्ड मार्फत खानेपानी सेवा सञ्चालन गर्ने र सरकारले  खानेपानी संस्थान भरतपुर शाखाको सम्पत्ति तथा दायित्व भरतपुर खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गराईदिने गरि शहरी तथा वातावरणीय सुधार परियोजना (Urban and Environmental Improvement Project, UEIP ) अन्तर्गत नेपाल सरकारको ऋण तथा अनुदानमा भरतपुर खानेपानी आयोजनाका नयां संरचनाहरुको निर्माण कार्य गरिएको हो । यो आयोजना आ.ब. २०६२।०६३ मा शुरु भई आ.ब.२०६७।०६८ मा सम्पन्न भएको हो ।

**२. भरतपुर खानेपानी व्यवस्थापन बोर्डको गठनः**

**उद्धेश्य,कार्यक्षेत्र तथा बोर्डको गठनः**खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ले उप-महानगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई यस क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउने उद्देश्यले सम्बन्धित नगरपालिकाको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरि नेपाल सरकारलाई खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न सक्ने अधिकार प्रदान गरेको छ । यस ऐन अन्तर्गत गठन हुने बोर्ड  अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था रहने व्यवस्था छ । तत्कालिन भरतपुर नगरपालिकाको सिफारिसमा खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३को दफा ५(१) बमोजिम  नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालय (हाल खानेपानी तथा सरसफाई मंत्रालय), माननिय मन्त्रिस्तर को मिति २०६४।०५।३१ को निर्णय अनुसार भरतपुर खानेपानी व्यवस्थापन बोर्ड गठन भएको हो । नेपाल सरकारले मिति २०६७।०१।०६को राजपत्रमा बोर्ड गठनको सूचना प्रकाशित गरि सम्पुर्ण भरतपुर नगरपालिका क्षेत्रलाई बोर्डको कार्य क्षेत्र तोकेको छ । नेपाल सरकारले भरतपुर नगरपालिकालाई उप-महानगरपालिका घोषणा गरे पश्चात यस उप-महानगरपालिकाको सम्पुर्ण क्षेत्र यस बोर्डको कार्यक्षेत्र हुन गएको छ । बोर्डले नेपाल सरकारसँग भौतिक योजना तथा निर्माण मन्त्रालय ( हाल खानेपानी तथा सरसफाई मन्त्रालय) मार्फत सम्पर्क गर्नुपर्ने व्यवस्था छ ।

**कार्यसमिति सम्बन्धि व्यवस्थाः** खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ ले बोर्डको कार्यकारी समितिमा भरतपुर उप-महानगरपालिकाको प्रमुख-१, स्थानिय उद्योग बाणिज्य संघको अध्यक्ष-१, नेपाल सरकारको प्रतिनिधि-१, गरि ३ जना पदेन सदस्य र बोर्डबाट मनोनित स्थानीय उपभोक्ता संघको अध्यक्ष-१, खानेपानी क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाको प्रतिनिधि-१, र सम्बन्धित क्षेत्रको विज्ञ सदस्य-१ गरि ३ जना मनोनित सदस्य रहने व्यवस्था गरेको छ । सम्बन्धित मन्त्रालयले नेपाल सरकारको प्रतिनिधिको रुपमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय चितवनका प्रमुखलाई बोर्ड सदस्य तोकेको छ । मनोनित सदस्यहरुको पदावधि चार बर्षको हुने, सदस्यहरुमध्येबाट अध्यक्षको चयन गर्ने, बोर्डले कार्यकारी निर्देशक प्रतिस्पर्धाबाट छनौट गरि नियुक्ति गर्ने र निजले बोर्डको सचिव भई काम गर्ने कानूनी व्यवस्था छ ।

**बर्तमान कार्यसमितिका सदस्यहरुः**
**पदेन सदस्यहरुः**

क) अध्यक्षःभरतपुर उप-महानगरपालिकाका प्रमुख, श्री महेश बराल
ख) सदस्यः खानेपानी तथा सरसफाई डिभिजन कार्यालय चितवनका डिभिजन प्रमुख,श्री चक्रपाणी शर्मा आचार्य
ग) सदस्यःस्थानिय उद्योग बाणिज्य संघका अध्यक्ष श्री राजन गौतम

**मनोनित सदस्यहरुः**

घ) सदस्यः स्थानीय उपभोक्ताका संघको तर्फबाट प्रतिनिधिः श्री रामराज पौडेल (बोर्डको मिति २०६९।११।२२को बैठकबाट मनोनित)

ङ) सदस्य (खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाको तर्फबाट प्रतिनिधि):श्री बद्रि प्रसाद अधिकारी ( बोर्डको मिति २०७०।०१।११को बैठकबाट मनोनित)

च) सदस्य (खानेपानी तथा सरसफाई क्षेत्रको विज्ञ सदस्य):श्री रजनी शाह (मल्ल), खानेपानी तथा सरसफाई क्षेत्रको विज्ञ( बोर्डको मिति २०७०।०२।०७ को बैठकबाट मनोनित)

छ) कार्यकारी निर्देशकःश्री शालिकराम पौडेल (मिति २०६७ माघ ४ गते देखि हाल सम्म, बोर्डको अनुरोधमा नेपाल सरकारले काजमा खटाएको )

**३. शुरुदेखि हालसम्म बोर्डले गरेका मुख्य नीतिगत एवं व्यवस्थापकिय कार्यहरुः**

- भरतपुर खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०६६ तयार गरी नेपाल सरकारबाट स्वीकृत भएको
- "कर्मचारी प्रशासन विनियमावली २०६९" र "आर्थिक प्रशासन विनियमावली २०६९" तयार गरी नेपाल सरकारबाट स्वीकृत भएको
- मिति २०६९।०५।२०मा नेपाल खानेपानी संस्थान भरतपुर शाखाको सम्पत्ती तथा दायित्व बोर्डमा हस्तान्तरण गरि लिएको
- जनश्रमदान बापत तत्कालको लागि भरतपुर उप-महानगरपालिकाले बोर्डलाई उपलब्ध गराएको सापटी रकम रु. २ करोड १० लाख १५ हजार र शुरुको सापटी रु. १ लाख गरी जम्मा रु. २ करोड ११ लाख १५ हजार उपमहानगरपालीकालाई फिर्ता गरिएको
- खानेपानी महशुल निर्धारण आयोग मार्फत नयाँ महशुल तथा सेवा शुल्कहरु निर्धारण गरी मिति २०७० फागुन १ गतेदेखि लागु गरिएको
- बोर्डको बार्षिक बजेट, कार्यक्रम, प्रगति, आम्दामी, खर्च, लेखा परिक्षण प्रतिवेदन समावेश गरिएको बार्षिक प्रतिवेन नियमित रुपमा सहरी विकास मन्त्रालयमा पठाईएको, उल्लेखित सबै प्रतिवेदनहरु बोर्डको वेभसाईट www.bwsmb.org.np मा राखिएको
- कर्मचारीहरुको विद्युतिय हाजीरी प्रणाली लागु गरिएको
- बोर्डको संगठन संरचना र दरबन्दी स्वीकृत गरिएको
- कर्मचारी पदपुर्ति सम्बन्धि निर्देशिका तयार भई स्वीकृत भएको
- बोर्डमा ईन्जिनियर १ र सहायक प्रशासन अधिकृत १ गरि २ जना अधिकृतहरुको स्थायी नियुक्ति गरिएको

**क्षमता विस्तारः**

- ➢ प्रेमबस्ती, नारायणपुर, गौरीगंज, तोरीखेत, कैलासनगर, आनन्दपुर, धनगाडा र पटिहानीमा भ.उ.म.न.पा. तथा स्थानीय उपभोक्ताहरुसंगको सहकार्यमा नयाँ खानेपानी प्रणालीहरु निर्माण शुरु गरेको
- ➢ उपभोक्ताहरुको सहयोगमा हालसम्म बोर्डलाई ८ कट्ठा जग्गा निशुल्क प्राप्त भएको धनगाडामा ३ कट्ठा र पटिहानीमा २ कट्ठा गरि जम्मा ५ कट्ठा जग्गा खरिद गरिएको
- ➢ नयाँ सेवा क्षेत्रमा ६ वटा र पुरानो सेवा क्षेत्रमा ५ गरि जम्मा ११ वटा डिप ट्युववेलहरुको निर्माण गरिएको, १ वटा सेवा प्रणाली हस्तान्तरण गरि लिईएको
- ➢ दैनिक पानी उत्पादन क्षमता १ करोड ५० लाख लिटरबाट ३ करोड १५ लाख लिटर पुऱ्याईएको
- ➢ पुरानो प्रणालीभित्र ८५ कि.मी.र नयाँ प्रणालीमा १०६.५ कि.मि. गरि जम्मा १९१.५ कि.मि. थप वितरण लाईन निर्माण गरिएको
- ➢ उपभोक्ता समिति मार्फत संचालित रोज गार्डेन खानेपानी आयोजना बोर्डमा हस्तातरण भई २०७३ जेष्ठ महिना देखि वोर्डको स्वामित्वमा आएको छ । यस आयोजना अन्तर्गत १० धुर जग्गा, डिप ट्युबबेल-१, २५ के.भि.ए.को ट्रान्सफर्मर-१, ४.५५ कि.मि. वितरण पाईपलाईन, पम्प घर-१ र ग्राहक संख्या १६७ रहेको छ ।
- ➢ वितरण लाईन जडान भएका स्थानहरुमा ग्राहकले मागेकै दिनमा धारा स्वीकृत गरि सुख्खा समयमा ४,५ दिन भित्र र अन्य समयमा १,२ दिन भित्रमानै नयाँ धारा जडान गरिँदै आएको

**चुहावट नियन्त्रणः**

- ➢ पानी दुरुपयोग गर्ने ग्राहकहरुमध्ये आ.ब. २०६९।०७०मा १४० जनाबाट रु.१२,४०,५९१.०० आ.ब. २०७०।०७१मा २०जनाबाट रु.७१,४८०.००, आ.ब. २०७१।०७२ मा २० जनाबाट रु. १ लाख २५ हजार ५१०.०० र आ.ब २०७२।०७३ मा ६३ जनाबाट रु. ८,०८,८४६ गरि जम्मा २३३ जनाबाट रु. २२,४६,४२७ थप महशुल संकलन गरिएको
- ➢ मिटर नभएका ग्राहक १० प्रतिशतबाट ०.५ प्रतिशतमा मा झारीएको, शत प्रतिशत मिटरिङ् गर्ने उद्धेश्य हुँदाहुँदै केहि सरकारी कार्यालयहरु मिटर राख्न ईच्छुक नदेखिएकोले १००% मिटरिङ् हुन नसकेको
- ➢ सबै ग्राहकहरु नम्बरिङ गरिएकोले मिटर रिडिङ् कार्य बढि प्रभावकारी (Efficient) भएको
- ➢ उल्लेखित प्रयास स्वरुप बोर्डले सेवा प्रणाली लिएको समयमा चुहावट दर ३८% बाट यस आ.ब.को अन्तसम्म २६ %मा झरेको छ, प्राविधिक कारणले सामान्यतः चुहावट दर २०%भन्दा कम गर्न सकिँदैन

**४. शहरी तथा वातावरणीय सुधार परियोजना अन्तर्गत निर्माण भएको प्रणालीको खर्च तथा ऋण सम्बन्धि संक्षिप्त विवरण:**

- आयोजनाको कूल खर्च: रु. २६ करोड २६ लाख ८८ हजार
  - ✓ नेपाल सरकारको अनुदान: रु. १६ करोड २८ लाख ६६ हजार
  - ✓ भरतपुर नगरपालिकाले नेपाल सरकारबाट प्राप्त ऋण: रु. ७ करोड ८८ लाख ६ हजार
  - ✓ जनश्रमदान बापत बोर्डले उपभोक्ताबाट संकलन गर्नुपर्ने रकम मध्ये भरतपुर उप-महानगरपालिकाले बोर्डलाई उपलब्ध गराएको सापटी रकम: २ करोड १० लाख १५ हजार (यो रकम फिर्ता भईसकेको)
- यो प्रणाली बोर्डबाट संचालन हुँदै आएको छ । विधिवत रुपमा नगरपालिकाबाट हस्तान्तरण भई सकेको छैन । बोर्डले सेवा प्रणालीसंग जोडिएको ऋण तिर्ने प्रतिबद्धता सहितको संझौताको ड्राफ्ट तयार गरि भरतपुर उप-महानगरपालिकालाई पठाईसकेको छ ।

**५. खानेपानी सेवा प्रणालीको संक्षीप्त विवरण:**

यस बोर्ड अन्तर्गत तालिका नं. १ अनुसार संस्थानबाट प्राप्त ११ करोड ९८ लाख ४३ हजार, भ.न.पा.को **UEIP Project**बाट प्राप्त २४ करोड १७ लाख ४३ हजार र बोर्डले आफ्नो आन्तरिक श्रोत र अन्य सहयोगी संस्थाको सहयोगमा निर्माण गरेको ११ करोड ९८ लाख ९३ हजार गरी जम्मा **रु. ४८ करोड १४ लाख ७९ हजार** वरावरको सम्पत्ती छ । उक्त सम्पत्ती संगै **रु. ७ करोड ८८ लाख ०६ हजार** वरावरको ऋणको साँवा तथा ब्याजको दायित्व छ ।

तालिका नं. १ : भरतपुर खानेपानी व्यवस्थापन बोर्डले संचालन गरेको सेवा प्रणालीको विवरण

| विवरण | नेपाल खानेपानी संस्थानबाट प्राप्त | भ.उ.म.न.पा.बाट प्राप्त **(UEIP Project)** | बोर्डबाट निर्माण गरिएको (बोर्ड, भ.उ.म.न.पा., उ.स. र अन्य सहयोगमा ) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| डिप ट्यूबवेल | ८ वटा | ५ वटा, | १२ वटा, | २५ वटा, | रोज गार्डेन १ |
| जेनेरेटर | १ सेट (१००के.भि.ए.) | ३ सेट ( १००के.भि.ए.२, १८० के.भि.ए. १) | १ सेट (८२.५ के.भि.ए.) | ५ सेट (१००के.भि.ए.३, १८० के.भि.ए. १ ८२.५ के.भि.ए. १)) | |
| पानी पोखरीको संख्या र क्षमता | २ वटा (४००घ.मी. ओभरहेड १, १२००घ.मी. जमिन १) | ३ वटा (४५०घ.मी. ओभरहेड १, ९००घ.मी. जमिन १, १०००घ.मी. जमिन १) | १ वटा (४५०घ.मी. ओभरहेड १) | ६ वटा ४४०० घ.मी. (१३००घ.मी. ओभरहेड , ३१००घ.मी. जमिन ) | १ निर्माणाधिन |
| कार्यालय भवन | २ वटा | | १ वटा | ३ वटा | |
| पाइपलाईनको लम्बाइ | ७८ कि.मी.(DI, GI, HDPE) | २१४ कि.मी ( HDPE) | १९१.५ कि.मि.,रोज गार्डेन ४.५५ कि.मि (HDPE) | ४८८ कि.मि. | |
| स्थिर सम्पत्तीको मूल्य, रु. (२०७३आषाढ मसान्तको मुल्यमा) | ११,९८,४३,२७४ .०० | २४,१७,४३,५५७.०० | ११,९८,९३,०६१.०० | ४८,१४,७९,८९२.०० | ह्रासकटट्टी कटाएर |

**६. भरतपुर उप-महानगरपालिकामा वर्तमान खानेपानी सुविधाको स्थिति (२०७३ आषाढ मसान्त सम्मको):**

- उप-महानगरपालिकाका करिव ४३,१३१घरधुरी मध्ये १९,५०० ग्राहक मार्फत १,१५,००० जनसंख्यालाई बोर्डबाट शुद्ध खानेपानी सेवा पुगेको
- करीब ६५० घरधुरीमा उपभोक्ता समिति मार्फत संचालित स-साना खानेपानी स्कीमहरु(रामनगर, ठिमुरा, देवघाट, जखडीमाई, कृष्णपुर र बाईसबिघा) बाट सेवा पुगेको
- संस्थागत/ब्यक्तिगत डिप बोरिङ् सहित नगरका करीव ५० प्रतिशत जनसंख्यालेले डिप बोरिङ्को शुद्ध पिउने पानीको सुविधा लिएका, करीव १५%ले नेटवर्क भएर पनि सेवा नलिएको, ३५% लाई डिप बोरिङ्को सुविधा छैन, यसको माग बढ्दो छ
- भरतपुर उप-महानगरपालिकाको साझेदारीमा विकास गरेका खानेपानी आयोजनाहरु, प्रेमबस्ती, गौरीगंज, तोरीखेत, कैलासनगर, आनन्दपुर, धनगाडा र पटिहानी निर्माणकै चरणमा
- आ.व. २०७२।०७३मा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट प्रेमबस्तीमा ४५० घ.मी. पानी टंकीको निर्माणसम्पन्न भएको र यसबाट नगरको तल्लो क्षेत्रको सेवामा उल्लेखनिय सुधार देखिएको छ ।
- आँपटारिमा बोर्ड, जि.बि.स. अन्तर्गतको सांसद कोष विकास कार्यक्रम र आंपटारी खानेपानी उपभोक्ता समितिको संयुक्त लगानीमा४०० घ.मी.को ग्राउन्ड पानी टंकीको निर्माण कार्य ७५ प्रतिशत पुरा भएको छ ।
- वार्ड नं. २६ मा पटिहानी खानेपानी आयोजनाको लागि २ कठ्ठा जग्गा खरिद गरी १ वटा डिप ट्युववेल निर्माणको कार्य सम्पन्न भएको ।
- थप भएका वडाहरु (१५-२९) मध्ये फुलबारीमा कैलासनगर पम्पबाट २.२८ किलो मिटर पाईपलाईन विस्तार गरि आंशिक सेवा दिईएको, मंगलपुर बजारको केहि भागमा आनन्दपुर पम्पबाट सेवा विस्तार गरिएको
- मंगलपुर, गीतानगर र फुलबारीको बाँकी केहि भागमा बोर्डको मौजुदा प्रणाली बिस्तार गरि सेवा दिन सकिन्छ
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको बार्षिक कार्यक्रममा आ.ब. २०७२।०७३ देखिनै फुलबारी, शिबनगर र पटिहानी खानेपानी आयोजना समावेस भएका छन् । आ.ब. २०७३।०७४ देखि वार्ड नम्बर ११ को लागि जखडीमाई खा.पा.आ, मंगलपुरको लागि भरतपुर १५, १६ डिप बोरिङ तथा मंगलपुर खा.पा.आ., कैलासनगर खा.पा.आ. र गीतानगर खा.पा.आ. र आनन्दपुर आ.पा.आ. सुधार विस्तार समावेश भई प्रत्येक नयाँ खा.पा.आ.को लागि ३ लाखका दरले बजेट बिनियोजन भएको छ ।
- प्रस्तावित सबै नयाँ आयोजनाको लागि आ.ब. २०७३।०७४मा आवश्यक जग्गा ब्यवस्थापन गरि बिस्तृत सर्वेक्षण तथा लागत अनुमान गर्न सकिएमा आगामी ६, ७ बर्ष भित्र यस उप-महानगरपालिकाका सबै वडाहरुमा डिप बोरिङ्को खानेपानी सुविधा पुर्‍याउन सकिन्छ ।
- बोर्डको सेवा क्षेत्रमा नयाँ आयोजना निर्माण गर्दा नयाँ उपभोक्ता संस्था समेत दर्ता गर्दे जाँदा भविश्यमा बोर्ड र उपभोक्ता संस्था विच संस्थागत दोहोरोपना आउने, नगरको खानेपानी ब्यवस्थापनमा एकरुपता नहुने भएकोले यस सम्बन्धमा उपयुक्त नीतिगत ब्यवस्थाको लागि खानेपानी तथा सरसफाई मन्त्रालयमा लेखि पठाईएकोमा सम्बन्धित मन्त्रालयबाट बोर्डलाई उपभोक्ता संस्थाकै रुपमा लिई खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र बोर्ड विचको सहलगानीमा नयाँ आयोजनाहरु निर्माण गर्न सकिने गरि नीतिगत निर्णय भई आएको छ ।

**७. बोर्डको बर्तमान तथा भावी कार्ययोजनाः**

सन् २०१७ सम्म सबैलाई आधारभुत स्तरको खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराउने नेपाल सरकारको लक्ष अनुसार आफ्नो सेवा क्षेत्रमा आधारभुत वा मध्यम स्तरको खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराउनु यस बोर्डको पहिलो दायित्व हो । आफ्नो ब्यवस्थापन संयन्त्र समेत पूर्णरुपमा तयार भई नसकेको अवस्थामा आफ्नो श्रोतबाट मात्र उल्लेखित लक्ष हासिल गर्न सम्भव छैन । यसको लागि बोर्डले भरतपुर उप-महानगरपालिका, खानेपानी तथा सरसफाई मन्त्रालय, खानेपानी तथा ढल निकास विभाग तथा अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग साझेदारीमा नयाँ आयोजना/कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ ।

यसै सन्दर्भमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय चितवन मार्फत सह-लगानीमा आयोजनाका थप निर्माण कार्यहरु संचालन गर्ने गरि धनगाडा खानेपानी आयोजनाको सह-लगानी सम्बन्धी प्रस्ताव खानेपानी तथा ढल निकास विभागमा पठाईएको र उक्त आयोजना स्वीकृत भईसकेको छ । खानेपानी ब्यवस्थापन बोर्ड ऐन २०६३ बमोजिम यस संस्थालाई दिईएको जिम्मेवारी अनुरुप खानेपानी तथा सरसफाई नियमित, ब्यवस्थित भरपर्दो बनाउन भरतपुर खानेपानी ब्यवस्थापन बोर्डले निम्न अनुसारका कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ ।

- पाईप लाईन नपुगेका सडकहरुमा आवश्यकता अनुसार हरेक बर्ष पाइप लाईन थप गर्दै जाने
- उपभोक्ताहरुबाट संचालित स्कीमहरुलाई सम्बन्धित समितिसँग वार्ता गरि बोर्डको स्वामित्वमा ल्याई सञ्चालन गर्ने ब्यवस्था मिलाउने वा आंफै संचालन गर्न चाहेमा प्राविधिक र ब्यवस्थापकिय सहयोग गर्ने हालको खानेपानी Storage Capacity ज्यादै कम भएकोले आर्थिक श्रोत जुटाएर कमशः Storage Capacity बढाउने । कार्यालय रहेको स्थानमा रहेको ४०० घनमिटरको पानी टंकीको साईज अत्यन्त न्युन भएकोले करीब १६ लाख लिटर क्षमताको पानी टंकी निर्माण गर्ने

- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय चितवनबाट शुरु गरिएका फुलबारी, शिबनगर र पटिहानी खानेपानी आयोजनाहरुमा बोर्डको समेत लगानी गरि छिटो आयोजना सम्पन्न गर्ने र व्यवस्थापनको जिम्मेबारी बोर्डले लिने,
- आ.ब.२०७३।०७४को बजेटमा समावेस भएका नयाँ खानेपानी आयोजनाहरु जखडी माई, मंगलपुर १५, १६ डिप बोरिङ मंगलपुर, कैलासनगर, गीतानगर र आनन्दपुर खानेपानी सुधार विस्तार आदीको निर्माणको लागि आवश्यक पर्ने जग्गा लगायत स्थानीय श्रोत साधन जुटाउने कार्यमा उप-महानगरपालिकाको सहयोग लिई खानेपानी तथा सरसफाई डिभिजन कार्यालयसँग सहकार्य गर्ने
- उप-महानगरपालिका, टोल सुधार संस्थाहरु र अन्य गैर सरकारी संघ संस्थाको सहयोगमा प्रदुषण रोकथाम, चुहावट नियन्त्रण, पूर्ण सरसफाई कार्यक्रम, ग्राहक सचेतनाजस्ता प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी बोर्ड र सेवाग्राहीहरु बिच सुमधुर सम्बन्ध स्थापित गर्ने,
- उप-महानगरपालिका संगको सहकार्यमा फोहर पानी व्यवस्थापन, वातावरणीय सरसफाई सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी फोहर घटाउन उप-महानगरपालिकालाई सहयोग गर्ने
- अत्यावश्यक स्थानहरुमा व्यवस्थित सार्वजनिक शौचालय निर्माण गर्ने
- सरसफाई सम्बन्धि नीति नियम तर्जुमा गर्न भरतपुर उप-महानगरपालिकालाई सहयोग गर्ने

**८.० कर्मचारी व्यवस्थाः** सेवा प्रणालीसंगै नेपाल खानेपानी संस्थानबाट सरी आएका चार जना स्थायी कर्मचारी सहित हाल बोर्डमा ६ जना स्थायी, करारमा कार्यरत ४२ जना र नेपाल सरकारबाट काजमा आएका कार्यकारी निर्देशक १ सहित जना ४९ जना कर्मचारीहरु कार्यरत छन् । दैनिक केहि समयमात्र संचालन हुने पम्पहरु, पानीको गुणस्तर परीक्षण र ईलेक्ट्रोमेकानिलक उपकरणहरु मर्मत संभारको लागि ६ जना ब्यक्तिहरुलाई Outsourcing गरि काममा लगाईएको छ ।

## ९.० भरतपुर खानेपानी व्यवस्थापन वोर्डको आ.ब. २०७२।०७३ आम्दानी खर्चको स्थितिः

**आम्दानीः**

आ.ब. २०७२।७३ मा पानी महशुल वापत रकम रु. ६ करोड २३ लाख ८७ हजार बिलिङ्ग भएको छ । अघिल्ला बर्षहरुको उठ्नुपर्ने रकम रु. १ करोड ७ लाख गरी जम्मा पाउनु पर्ने रकम रु. ७ करोड ३० लाख ८७ हजार मध्ये यस वर्ष रु. ६ करोड १४ लाख १७ हजार महशुल (छुट रकम कटाएर) संकलन भई आ.ब.को अन्तमा रु. १ करोड १६ लाख ७० हजार बराबरको महशुल रकम उठ्न बाँकी देखिन्छ । धारा जडान शुल्क लगायत विभिन्न शिर्षकवाट रु. १ करोड ६९ लाख ४७ हजार प्राप्त भएको छ । दुबै मिलाएर खुद आय **रु. ७ करोड ८३ लाख ६४ हजार** भएको छ । गत वर्षको वैंक वाँकी रु. १ करोड ४८ लाख ७९ हजार समेत गरी आ.ब. २०७२।०७३ को कुल आम्दानी **रु. ९ करोड ३२ लाख ४५ हजार** हुन आउँछ । उल्लेखित रकम आ.ब. २०७२।०७३ को बार्षिक लक्ष्यको ९८ प्रतिशत हो ।

**खर्चः**

यस बर्ष विभिन्न शिर्षकहरुमा तालिका नं. २ बमोजिम रु. ३ करोड ५७ लाख ६६ हजार संचालन खर्च भएको छ । कुल आयमा संचालन खर्च घटाउँदा रु. ५ करोड ७४ लाख ७७ हजार संचालन वचत भएको छ । संचालन बचतमध्ये पूंजीगत तर्फ रु. ३ करोड १२ लाख ५२ हजार खर्च भई आर्थिक बर्षको अन्तमा **रु. २ करोड ६२ लाख २५ हजार** वैंक मौज्दात रहेको छ । यो रकम गत बर्षको वैंक मौज्दात भन्दा **रु. १ करोड १३ लाख ४६ हजार**ले बढि हो ।

आ.ब. २०७२।०७३ को लक्षित तथा वास्तविक आम्दानी खर्चको विस्तृत विवरण निम्न अनुसार छ ।

# भरतपुर खानेपानी व्यवस्थापन वोर्ड

**आ.व.२०७२।०७३ को लाक्षित तथा वास्तविक आम्दानी खर्च**

| आम्दानी तर्फ | | | खर्च तर्फ | | | |
|---|---|---|---|---|---|---|
| आम्दानी शिर्षक | लक्षित आम्दानी रु | वास्तविक आम्दानी रु. | खर्च शिर्षक | स्वीकृत वजेट रकम रु. | वास्तविक खर्च रु. | वाँकी वजेट रु. |
| गत आ.व. को अ.ल्या. | १४८७९८८५.२० | १४८७९८८५.२० | तलव | १२८०००००.०० | १२४३४२८५.७८ | ३६५७१४.२२ |
| पानी महशुल ( विलिङ) | ६३७२००००.०० | ६२३८७१५४.०० | भत्ता | १७०००००.०० | १६९७२५६.०० | २७४४.०० |
| पानी महशुल ( प्राप्त) | ०.०० | ६१४१७९७६.८८ | वैठक भत्ता | १६००००.०० | ५४६००.०० | १०५४००.०० |
| अग्रिम महशुल | ०.०० | ५४२८८९.२४ | दैनिक भ्रमण भत्ता | २५००००.०० | २२५३५०.०० | २४६५०.०० |
| धारा जडान शुल्क | ७६०००००.०० | ७८७६०००.०० | सेवा महशुल | २०००००.०० | १९८२५९.०० | १७४१.०० |
| पाईप फिटिङ्ग विक्री | ६०००००.०० | ५९२११०.०० | टेलिफोन महशुल | १४००००.०० | १३४५९५.०० | ५४०५.०० |
| निवेदन दस्तुर | ७०००००.०० | ६८३१२०.०० | परामर्श सेवा | ४०००००.०० | २३२५५३.०० | १६७४४७.०० |
| कार्ड विक्री | ९००००.०० | ५८७५०.०० | चन्दा पुरस्कार | १००००.०० | १००००.०० | ० |
| नामसारी ठाँउसारी | २५००००.०० | २७०४००.०० | तालिम, गोष्ठी, ग्राहक सचेतना तथा चुहावट नियन्त्रण कार्यक्रम | ६०००००.०० | ४५६६४५.२० | १४३३५४.८० |
| वैंक व्याज | ३०००००.०० | ४५१४४१.५१ | ग्राहक नम्वरिङ्ग कार्यक्रम | १०००००.०० | ८८९९६.२१ | ११००३.७९ |
| विविध | १०००००.०० | ६६९००.०० | वातावरणिय सरसफाई कार्यक्रम | ४०००००.०० | २३८३६५.०० | १६१६३५.०० |
| थप महशुल | २०००००.०० | ८०८८४७.०० | पानी सुरक्षा योजना | ४०००००.०० | ३९६६८८.४७ | ३३११.५३ |
| धरौटी | १९०००००.०० | १९८३२५०.०० | अतिथि सत्कार | १२००००.०० | ११३६००.५५ | ६३९९.४५ |
| जरिवाना | २५०००००.०० | ३०१६२१८.८८ | विद्युत महशुल | १३००००००.०० | १२४१८१५०.८५ | ५८१८४९.१५ |
| ग्राहक नम्वर प्लेट दस्तुर | २०००००.०० | २१८६१०.०० | ईन्धन (सवारी साधन) | ३०००००.०० | २९३५६७.७४ | ६४३२.२६ |
| जनसहभागिता तथा अन्य ( धनगाडा, आँपटारी, पटिहानी उ.स.) | २००००००.०० | १०००००.०० | ईन्धन अन्य (जेनेरेटर) | २७५००००.०० | २४५९६७७.३३ | २९०३२२.६७ |
| धरौटी (निर्माण व्यवसायी) | | २७८९३५.३४ | मसलन्द कार्यालय सामान | ३०००००.०० | २५६०४३.०० | ४३९५७.०० |
| | | | लेखा परिक्षण | १३००००.०० | ११००००.०० | २००००.०० |
| | | | छपाई | ६०००००.०० | ५३७९१२.५० | ६२०८७.५० |
| | | | पुस्तक तथा पत्र पत्रिका | २००००.०० | १७५३०.०० | २४७०.०० |
| | | | औषधी खरिद | १५००००.०० | १४२३८०.०० | ७६२०.०० |
| | | | विविध खर्च | ७००००.०० | ६२८६९.०० | ७१३१.०० |
| | | | मर्मत | ३०००००.०० | २३६२९१.३४ | ६३७०९.६६ |
| | | | उपदान कोष | ८०००००.०० | ८०००००.०० | ० |
| | | | खानेपानी महशुल निर्धारण आयोगको सेवा शुल्क | ३०००००.०० | ५३१५६४.६१ | -२३१५६५.३९ |
| | | | महशुलमा छुट | | १६१९५८०.०९ | -१६१९५८०.०९ |
| | | | **चालु कार्यक्रमको जम्मा** | ३६००००००.०० | ३५७६६७६०.६७ | २३३२३९.३३ |

| आम्दानी तर्फ | | | खर्च तर्फ | | | |
|---|---|---|---|---|---|---|
| आम्दानी शिर्षक | लक्षित आम्दानी रु | वास्तविक आम्दानी रु. | खर्च शिर्षक | स्वीकृत वजेट रकम रु. | वास्तविक खर्च रु. | वाँकी वजेट रु. |
| | | | **पुंजीगत कार्यक्रम तर्फ** | | | |
| | | | भरतपुर खा.पा.आ.मर्मत सुधार | ४०००००० .०० | ३४८६२९२.०६ | ५१३७०७.९४ |
| | | | भरतपुर खा.पा.आ. सुधार विस्तार | १६००००००.०० | ११९४३४७८.४९ | ४०५६५२१.५१ |
| | | | प्रेमवस्ती खा.पा.आ. | १७०००००.०० | १६८१९९८.३४ | १८००१.६६ |
| | | | कैलाशनगर खानेपानी आयोजना | १००००००.०० | ९९५९८४.०० | ४०१६.०० |
| | | | आनन्दपुर खानेपानी आयोजना | २५०००००.०० | २४८६८९३.४७ | १३१०६.५३ |
| | | | धनगाडा खा.पा.आ. | ३६५००००.०० | २६९६७३७.८९ | ९५३२६२.११ |
| | | | पटिहानी खा.पा.आ. | ३००००००.०० | २९८७३५५.०० | १२६४५.०० |
| | | | फर्निचर खरिद | २५००००.०० | १६८००९.७५ | ८१९९०.२५ |
| | | | कार्यालय उपकरण खरिद | ९०००००.०० | ३२१४०५.५० | ५७८५९४.५० |
| | | | भवन मर्मत, रङ्गरोगन, सेड निर्माण | १००००००.०० | ९९९५७४.६६ | ४२५.४४ |
| | | | सवारी साधन खरिद | ४००००००.०० | ३४८४९६१.०० | ५१५०३९.०० |
| | | | **पुंजीगत कार्यक्रमको जम्मा** | ३८००००००.०० | ३१२५२६९०.१६ | ६७४७३०९.८४ |
| | | | **जम्मा खर्च रु.** | ७४००००००.०० | ६७०१९४५०.८३ | ६९८०५४९.१७ |
| **यस वर्षको जम्मा** | ८०१६००००.०० | ७८३६५४४८.८५ | **वैंक वाँकी रु.** | २१०३९८८५.२० | **२६२२५८८३.२२** | |
| **कुल जम्मा** | ९५०३९८८५.२० | ९३२४५३३४.०५ | **कुल जम्मा रु.** | ९५०३९८८५.२० | ९३२४५३३४.०५ | |

**१०. आ. ब. २०७२।०७३ मा बोर्डबाट गरिएका मुख्य कार्यहरुः** समग्रमा आ.व.२०७२/०७३मा बोर्डले गरेका मुख्य मुख्य कार्यहरु यस प्रकार छन् ।

- जम्मा ३९ कि.मि. वितरण पाईप लाईन बिस्तार, फुलबारी र मंगलपुर बजारको केहि भागसम्म सेवा विस्तार गरिएको
- प्रेमबस्तीमा खानेपानी तथा सरसफाई डिबिजन कार्यालयबाट ४५० घ.मी. पानी टंकी निर्माणको ९० प्रतिशत कार्य सम्पन भएकोमा बोर्डबाट Inlet तथा Outlet भल्भहरु जडान गरि टंकीबाट खानेपानी बितरण सुरु गरिएको
- भरतपुर उप-महानगरपालिकासंगको साझेदारीमा निर्माण गरिएको धनगाडा खानेपानी सीष्टमको २० कि.मि. वितरण लाईनमा Direct Pumping गरि पानी संचालन भएको
- पटिहानीमा २ कट्ठा जग्गा खरिद गरि डिप ट्युववेल-१ निर्माण गरिएको
- उप-महानगरपालिका कम्पाउन्डमा १ सेट डिप ट्युववेल (DTH Method) निर्माण गरि संचालन गरिएको
- आँपटारीमा ४०० घनमिटर पानी टंकी निर्माणको ७५ प्रतिशत काम पुरा भएको
- पिक अप गाडी १ थान (TATA XENON) खरिद गरिएको
- यस आ.ब.मा २००० निजि धारा वितरण गर्ने लक्ष रहेकोमा २०६७ निजि धारा वितरण भएको
- डिप वेल १, १० धुर जग्गा सहितको पम्प घर १, वितरण लाईन ४.५ कि.मि. र १६७ निजि धारा सहितको रोज गार्डेन खानेपानी सेवा प्रणाली हस्तान्तरण गरि बोर्डले लिईएको

आयोजना /कार्यक्रमगत रुपमा गरिएका कामहरुको बिस्तृत विवरण निम्नानुसार छन् ।

**१०.१ भरतपुर खानेपानी आयोजना सुधार विस्तारः**

- आ.व. २०७२।०७३मा उप-महानगरपालिका कम्पाउन्डमा १ सेट डिप ट्युववेल (DTH Method)निर्माण
- कृष्णपुर स्टेशनका सबै पम्पहरु एकै पटक संचालन गर्नको लागि ५० के.भि.ए ट्रान्सफर्मर थप १ सेट जडान गरिएको

- कृष्णपुरका दुईवटै ट्रान्सफर्मरको विद्युत खपत एउटै मिटरले बिलिङ् गर्ने व्यवस्थाको लागि सि.टि. मिटर जडान गर्न आवश्यक पर्ने रकम रु. २,२९,६२४ बिद्युत प्राधिकरण भरतपुर शाखालाई भुक्तानी दिईएको, जडान हुन बाँकी
- खानेपानी वोर्ड, जि.बि.स. चितवनको निर्वाचन क्षेत्र विकास कार्यक्रम (क्षेत्र नं. ३) र आँपटारी उपभोक्ता समितिको संयुक्त लगानीमा आँपटारीमा ४ लाख लिटर क्षमताको पानी टंकी निर्माण कार्य ७५प्रतिशत पुरा भएको
- भरतपुर कार्यलयमा-१, धनगाडा खा.पा.आ.मा -१, आनन्दपुर खा.पा.आ.मा -२ र कैलाशनगर खा.पा.आ.मा -२ गरि जम्मा ६ वटा भल्ब च्याम्बर निर्माण गरिएको
- यो कार्यक्रम अन्तर्गत यस बर्ष १७.८ कि.मि. वितरण पाईपलाईन थप गरिएको छ। पाईपलाईन थप गरिएका मुख्य स्थानहरु यस प्रकार छन्।

**वितरण प्रणाली थप भएका मुख्य स्थानहरु :**

| वडा नं. | | स्थान | परिमाण | |
|---|---|---|---|---|
| वडा नं. | २ | मिलन टोल बिकास संस्था, बुद्ध टोल बिकास संस्था | ३६५ | मिटर |
| वडा नं. | ४ | युथ सोसाइटी नेपाल, भानु नौघरे टोल बिकास संस्था | २००० | मिटर |
| वडा नं. | ५ | रामेश्वर शान्ति टोल बिकास संस्था, लाङ्घाली चोक, शान्ति अद्वैत टोल बिकास संस्था | १९०० | मिटर |
| वडा नं. | ६ | शीवालय चिसापानी टोल बिकास संस्था | १५० | मिटर |
| वडा नं. | ७ | सुन्दर टोल बिकास समिति, बिसाल चोक टोल सुधार समिति, टाइगर चोक र तेह्रसाल चोक | १७७५ | मिटर |
| वडा नं. | ८ | मिलन टोल बिकास संस्था, ज्योती टोल बिकास संस्था, अशोक टोल बिकास संस्था र गौरीगंज गणेश टोल | १२२५ | मिटर |
| वडा नं. | ९ | शीवालय टोल, संगम टोल बिकास संस्था, त्रिपुरेश्वर टोल सुधार समिति | १०६० | मिटर |
| वडा नं. | १० | युनिक टोल बिकास संस्था, दोबान कालिका नमुना टोल बिकास संस्था, सि.एम.सि. हस्पिटल पछाडी | ११०० | मिटर |
| वडा नं. | ११ | कोलटाडी टोल बिकास संस्था, सिद्धिविनायक टोल बिकास संस्था, प्रगती टोल बिकास संस्था, बसन्तपुर टोल बिकास संस्था, वसेनि बजार टोल सुधार समिति, समन्वय टोल बिकास संस्था, मोहनपुरे टोल बिकास संस्था, नयाँ किरण टोल, नौरङ्गे टोल बिकास संस्था | ४९०० | मिटर |
| वडा नं. | १२ | राधाकृष्ण टोल | ३०० | मिटर |
| वडा नं. | १३,१४,१९ | तोरीखेत, सृष्टि टोल बिकास संस्था र फुलबारी | ३०२५ | मिटर |
| | | **जम्मा** | **१७,८००** | **मिटर** |

**१०.२ भरतपुर खानेपानी आयोजना मर्मत सुधारः**

आ.व. २०७२।०७३ मा भएका मुख्य मुख्य मर्मत सुधार कार्यहरु यस प्रकार छन्।

- ३०६ वटा Major Leakage र ५८४ वटा Minor Leakage मर्मत
- नयाँ मिटर जडान ५८४, मिटर मर्मत सेवा ६३४, होलचेन्ज ५०, लागत कट्टा २ र मिटर सार्ने सेवा १०४, यसबाट सेवाशुल्क बापत रु. २,८९,८००।- प्राप्त भएको
- मोटर, पम्प, ट्रान्सफर्मर, प्यानल बोर्ड तथा विद्युतिय उपकरणहरुको नियमित मर्मत संभार
- शरदपुर स्थित ८२.५ के.भि.ए.को जेनरेटर मर्मत
- विभिन्न स्थानमा रहेका ५ सेट जेनरेटरहरु नियमित रुपमा सर्भिसिङ्ग गरिएको।
- आकस्मिक रुपमा सडक तथा नाला निर्माणको क्रममा बिग्रेको पाईप लाईन मर्मत गरिएको

**१०.३ धनगाडा खानेपानी आयोजनाः**

- सुनगाभा टोल, आस्था टोल र बोटलर्स नेपाल तराई लिमिटेड तथा माउण्ट एभरेष्ट ब्रुअरीको Liquid Waste को कारण Shallow Tube Well को पानी पिउन नहुने अवस्थाका आसपासका स्थानहरुमा समेत यस बर्ष ४ कि.मि. पाईपलाईन विस्तार गरिएको
- धनगाडा खानेपानी आयोजनाअर्न्तगत बाँकी संरचना निर्माणको लागि खानेपानी तथा ढल निकास विभागको सह-लगानी कार्यक्रममा समावेस भई थप संरचना निर्माणको लागि बिस्तृत सर्भेक्षण, ओभरहेड टंकी निर्माण साईटको जगको माटो परिक्षण गरि बिस्तृत लागत अनुमान तयार भएको
- धनगाडा खानेपानी आयोजना अर्न्तगत वडा नं ९ कोकाकोला प्लान्ट आसपासको क्षेत्रमा कोकाकोला कम्पनीको ८०% र वोर्डको तर्फबाट २०% ब्यहोर्ने गरि ६ कि.मि. वितरण पाइप लाईन निर्माण गर्ने प्रकृया अघि बढाईएको, आ.ब.२०७३।०७४को शुरुमा निर्माण कार्य सम्पन्न हुने

**१०.३ प्रेमवस्ती कालीका खानेपानी आयोजनाः**

- यस बर्ष ५ कि.मि. पाईपलाईन विस्तार गरिएको
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट४५० घ.मी. पानी टंकी निर्माण कार्य सम्पन भइ टंकीबाट खानेपानी बितरण सुरु गरिएको

**१०.४ कैलाशनगर खानेपानी आयोजना :**

- यस बर्ष २.२ कि.मि. पाईपलाईन विस्तार गरिएको
- कैलासनगर पम्पबाट वडा नं १९, फूलबारीको तत्काल खानेपानी समस्या देखिएका स्थानहरुमा २.२८ कि.मी पाइप लाइन बिस्तार गरि सेवा दिईएको
- भरतपुर उप-महानगरपालिकाबाट थप १.५ कि.मि. पाईपलाईन विस्तार गरिएको

**१०.५ आनन्दपुर खानेपानी आयोजना :**

- यस बर्ष ७.१ कि.मि पाईपलाईन विस्तार गरिएको
- आषाढ मसान्तसम्म ५० जना थप ग्राहकले निजि धारा जडान गरि सकेका

**१०.६ पटिहानी खानेपानी आयोजना**

- आयोजना संचालनको लागि बोर्डबाट २ कट्ठा जग्गा खरिद भएको
- पटिहानी खानेपानी आयोजना अन्तर्गत साविक पटिहानी गा.वि.स.का वार्ड नम्बर २ र ३ (हाल वार्ड नं.२७) मा स्कीम नं. १ र बाँकी वडाहरु १ र ४ देखि ९(हाल वडा नं. २६,२८,२९) मा स्कीम नं. २ हुने गरि खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट बिस्तृत लागत ईष्टमेट तयार भएको
- स्कीम नम्बर १ को टाउनमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट १-वटा र बोर्टबाट स्कीम नं. २ को संयुक्त वडा कार्यालय नजिकै १ गरि २ वटा डिप ट्युबवेल निर्माण भएको

**१०.७ कार्यालय भवन मर्मत तथा सेड निर्माण**

- भरतपुर कार्यालय भवनको छत चुहिने समस्या भएकोले छतको पुरै भागमा २" PCC ढलान गरिएको,
- कार्यालय भवन र गेष्ठ हाउस रङ्रोगन गरिएको
- पार्किङ तथा स्टोरको लागि कार्यालय परिसरमा सेड निर्माण गरिएको
- कृष्णपुरको कार्यालय कम्पाउण्डको माथि तारबार थप गरिएको
- भरतपुर उप-महानगरपालिका स्थित पानी टंकी पछाडिको कम्पाउन्ड वाल भत्केकोले पुन निर्माण गरि तारबार गरिएको

**१०.८ वातावरणीय सरसफाई कार्यकमः**

- वातावरणिय सरसफाई सम्बन्धि जनचेतना मुलक कार्यक्रम आयोजना गर्न बिभिन्न संघ संस्थालाई सहयोग गरिएको
- पूर्ण सरसफाइयपुक्त टोल घोषण गर्ने टोलहरु वडा नं. ११ को निलगिरि टोल, वार्ड नं. ११ र १२मा पर्ने शुसासन परियोजना संचालन गर्ने ५ वटा टोल र वार्ड नं. ७ ले आयोजना गरेका कार्यक्रमहरुलाई आर्थिक सहयोग गरिएको
- भरतपुर उप-महानगरपालिका र बोर्डको सहकार्यमा नारायणगढ बजारको शहिदचोक देखि पुल्चोकसम्म सडक डिभाईडरमा रोपिएका बिरुवाहरु पटक पटक गोडमेल गरिएको
- जैविक फोहर घरमै व्यवस्थापनको लागि भरतपुर उप-महानगरपालिकाको विभिन्न टोलमा बोर्डबाट कम्पोष्ट च्याम्वरको प्रवर्द्धनको लागि ५० प्रतिशत रकम अनुदान दिई २३ घरमा कम्पोष्ट च्याम्वर निर्माण गरिएको

**तालिका नं.: कम्पोष्ट च्याम्वर वितरण गरिएका टोलहरु:**

| वडा नं. | | टोलको नाम | संख्या(सेट) |
|---|---|---|---|
| वडा नं. | १० | नहर एरिया टोल विकास संस्था | ६ सेट |
| वडा नं. | ११ | निलगीरी टोल विकास संस्था | ६ सेट |
| वडा नं. | १२ | शुभलक्ष्मी टोल विकास संस्था | ५ सेट |
| वडा नं. | १२ | राधाकृष्ण टोल विकास संस्था | ६ सेट |
| | | **जम्मा** | **२३सेट** |

**१०.९ तालिम, गोष्ठी, ग्राहक सचेतना तथा चुहावट नियन्त्रण कार्यक्रम:** यस कार्यक्रम अन्तर्गत आ.ब.२०७२।०७३ मा निम्न कार्यहरु सम्पन्न गरिएको छ ।

- वोर्डका २५ जना कर्मचारीहरुलाई मिति २०७२।११।२४ देखि २०७२।११।२६ सम्म आँबूखैरेनी खानेपानी आयोजना तनहुँ लेखनाथ साना शहरी खानेपानी आयोजना कास्की, पोखरा हुँदै पाल्पा, लुम्बिनि सम्मको ३ दिने अवलोकन भ्रमण गरिएको
- बोर्डको आम्दानी खर्च, बार्षिक कार्यक्रम तथा सेवाशुल्कहरु लगायतका सूचनाहरु सेवाग्राही सम्म पुऱ्याउन विभिन्न पत्रपत्रिका, एफ.एम., टेलिभिजन, फ्लेक्स प्रिन्ट आदिबाट सूचना प्रवाह गरिएको
- खानेपानी धाराहरुको ब्यापक अनुगमन गरि आ.ब २०७२।०७३ मा ६३ जना ग्राहकहरुबाट रु. ८,०८,८४६थप महशुल संकलन गरिएको,
- बोर्डको नीति अनुरुप थप महशुल बापत संकलित रकममध्ये २० प्रतिशत रकम अनुगमनमा जाने कर्मचारीहरु र सूचना दिने व्यक्तिहरुलाई प्रोत्साहन स्वरुप प्रदान गरिएको

**१०.१० खानेपानी सुरक्षा योजना** (Water Safety Plan):

- ✓ क्षेत्रिय पानी परीक्षण प्रयोगशाला चितवनवाट सबै वेलहरुको पानीको गुणस्तर सम्बन्धी प्यारामिटरहरु धमीलोपना, पि.एच., कोलीफर्म ब्याक्टेरीया आदी परीक्षण गरिएको
- ✓ मालपोतचोक, रिजालचोक र आँपटारीमा Dosing Pump सहितको क्लोरिनेसन युनिट र भरतपुर, कृष्णपुर र नगरपालिका स्टेशनमा Gravity Flow Mechanism बाट क्लोरिनेसन गर्ने ब्यवस्था मिलाईएको
- ✓ गुणस्तर अनुगमनको लागि ३० जना ग्राहकहरु (Randomly Selected)को धाराबाट मासिक १ वटाका दरले पानीको नमुना संकलन गरि गुणस्तर (धमीलोपना, पि.एच., रेजिड्युवल क्लोरिन, कोलीफर्म ब्याक्टेरीया)परिक्षण गरिएको
- ✓ परिक्षणको नतिजा नियमित रुपमा बोर्डको वेभसाईट www.bwsmb.org.np मा राखिएको

## १२. भरतपुर खानेपानी प्रणालीका प्रमुख सूचकहरु (KeyPerformance Indicators):

### १२.१औसत खपत अंक:

आ.ब. २०७२।०७३को प्रति ग्राहक प्रति महिना औसत खपत अंक मिटर रिडिङ्गको आधारमा १९ युनिट र बिलिङ्को आधारमा २० युनिट छ । जबकी गत बर्ष यो अंक क्रमश: १८ र २० थियो । आ.ब. २०७२।०७३ को चुहावट दर २६ प्रतिशत रहेको छ ।

१२.२ **औसत बिलिङ् रकम:** यस बर्ष प्रति ग्राहक प्रति महिना औसत बिलिङ रकम **रु.२९०.००** हुने अनुमान गरि महशुल अनुमान गरिएकोमा यथार्थ बिलिङ रकम रु.**२८७-**रहेको छ ।

### १२.३ महशुल असुली तथा बक्यौताको स्थिति:

बि.सं. २०७३ साल आषाढ मसान्तमा विभिन्न ग्राहकहरुबाट रु. १ करोड १६ लाख ७० हजार पानी महशुलको रकम उठ्न बाकी रहेको छ । यो रकममध्ये करीब रु. **१७,००,०००।-** अघिल्ला बर्षहरुको बक्यौता रकम हो । अघिल्ला बर्षहरुको बक्यौता रकममध्ये करीव रु. १० लाख घर ठेगाना फेला पर्न नसकेका, घर जग्गा बेचेर अन्यत्र गएका, धारा फेला पर्न नसकेका र कार्यलयनै बन्द भईसकेका सरकारी कार्यालयहरु, ग्राहकको नम्बर डबल परि बक्यौता देखिन गएको, लागत कट्टा भई सकेका ग्राहकको पनि न्युनतम बिलिङ् भईरहेको आदी कारणहरुले बक्यौताको रुपमा रही आएको छ । यस प्रकृतिको बक्यौता बोर्डबाट निर्णय गरि लागतबाट हटाउन मनासिब देखिन्छ ।

विशेष गरी वडा नं.१, २, ३,४ र १०का पुराना ग्राहकहरुबाट बढि मात्रामा महशुल उठन बाँकी छ । यस आर्थिक बर्षको अन्तमा करीव २ महिनाको बिल बराबरको रकम उठ्न बाँकि देखिएको छ । यसबाट **महशुल** असुलीमा सुधार भएको देखिन्छ । यस प्रणालीका प्रमुख सूचकहरु (KeyPerformance Indicators)तयार गरिएको छ । उक्त सूचकहरुको सारांश यस प्रकार छ ।

## भरतपुर खानेपानी प्रणालीका प्रमुख सूचकहरु ((KeyPerformance Indicators )

| विवरण | आर्थिक बर्ष | | | आ.ब. ०७३।०७४को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| | २०७०।०७१ | २०७१।०७२ | २०७२।०७३ | | |
| **औषत ग्राहक संख्या (१/२" )** | **१४८५०** | **१६७१५** | **१८१५४** | | |
| **सेवा पुगेको जनसंख्या** | ९२०७० | १०५००० | ११५००० | | |
| **सेवा पुगेको जनसंख्या, प्रतिशत** | **५८** | **४५** | **४८** | | |
| दैनिक सरदर पानी उत्पादन, लिटर | १५२००००० | १६०००००० | १६७००००० | | |
| दैनिक सरदर पानी विक्री, लिटर | ११२०३००० | ११२००००० | ११७७०००० | | |
| **मिटर भएको धाराको प्रतिशत** | **९८** | **९९** | **९९.५** | | |
| **चुहावट, प्रतिशत** | **३०** | **३०** | **२६** | | |
| पानी सप्लाई समय, घण्टा | **९** | **१०** | **११** | | |
| **पानी नचल्ने धाराहरुको प्रतिशत** | **नगन्य** | **छैन** | **छैन** | | |
| प्रति व्यक्ति उत्पादन/बिक्रि, लिटर | १७०/१२५ | १६०/१११ | १५८/११७ | | |
| प्रति युनिट  इन्धन दर रु. (जेनरेटर सहित) | ६.९० | ७.४४ | ७.२० | | |
| प्रति ग्राहक औषत खपत(रिडिङ अनुसार/बिल अनुसार) | १८/२२ | १८/२० | १९/२० | | |
| **प्रति युनिट पानी सप्लाईमा लाग्ने खर्चहरु** | | | | | |
| ईन्धन खर्च, रु. | ३.४६ | ३.६८ | ३.५८ | ४.३७ | |
| कर्मचारी खर्च रु. | २.६७ | ३.२७ | ३.३३ | ४.३३ | |
| प्रशासनिक खर्च | ०.८५ | ०.७१ | ०.७१ | ०.८५ | |
| मर्मत संभार, खर्च रु. | ०.९८ | ०.९४ | १.०६ | १.२७ | |
| नियमित सुधार विस्तारमा लगानी, रु. | ३.५७ | ५.९४ | ६.५४ | ७.८५ | |
| जम्मा प्रत्यक्ष खर्च, रु. | **११.५३** | **१४.५४** | **१५.२२** | **१८.६७** | |
| अप्रत्यक्ष खर्च  (उपदान, ऋण, सापटी र ह्रासकट्टी) रु.<br>ऋणको साँवा व्याज | **४.२१**<br>**२.८९** | **३.२६**<br>**२.२६** | **३.२७**<br>**२.१७** | **४.०९**<br>**२.३९** | |
| **जम्मा खर्च रु.** | **१८.६३** | **२०.०६** | **२०.६६** | **२५.१४** | |
| **प्रति यूनिट आम्दामी, रु.** | | | | | |
| पानी महशुल, रु | **११.००** | **१३.०७** | **१४.४८** | | |
| अन्य आम्दामी, रु. | **२.७५** | **२.८४** | **३.३१** | | |
| जम्मा आम्दानी (प्रति युतिट) रु | **१३.७५** | **१५.९१** | **१७.७९** | | |
| प्रति युनिट घाटा रु | **४.८८** | **४.१५** | **२.८७** | | |
| **प्रति ग्राहक प्रति महिना लाग्ने संचालन खर्चहरु** | | | | | |
| ईन्धन खर्च, रु. | ७८.०० | ७४.६५ | ६९.६४ | ८४.९६ | |
| कर्मचारी खर्च रु. | ६१.०० | ६६.४९ | ६४.८६ | ८४.३२ | |
| प्रशासनिक खर्च, रु. | १९.०० | १३.४८ | १३.८२ | १६.५८ | |
| मर्मत संभार, केमिकल र अन्य खर्च रु. | २२.०० | १९.७१ | २०.६३ | २४.७६ | |
| **जम्मा संचालन खर्च, रु.** | **१८०** | **१७४** | **१६९** | **२११** | |
| **प्रति ग्राहक प्रति महिना लाग्ने ओभरहेड खर्चहरु** | | | | | |
| कर्मचारी विदा तथा उपदान खर्च, रु. | ७.०० | २.८५ | ३.६७ | ४.७७ | |
| वितरण लाईन तथा उत्पादन क्षमता विस्तारमा लगानी, रु. | ८१.०० | १२०.५८ | १२७.३१ | १५२.७७ | |
| सापटी फिर्ता, ऋणको साँवा व्याज भुक्तानी, रु. | ४०.०० | | | | |
| ह्रासकट्टी खर्च, रु. | ७३.०० | ६३.६८ | ५९.८८ | ७१.८५६ | |
| खानेपानी महशुल निर्धारण आयोगको सेवाशुल्क, रु. | १ | १ | २.४४ | २.९२८ | |
| **जम्मा ओभरहेड खर्च रु.** | **२०२** | **१८८** | **१९३** | **२३२** | |
| **कुल जम्मा खर्च, प्रति ग्राहक प्रति महिना रु.** | **३८२** | **३६२** | **३६२** | ४४३ | |
| **एक हजार ग्राहक बराबर कर्मचारी संख्या** | **३.०३** | **३.०५** | **२.७७** | **२.७७** | |
| **प्रति ग्राहक प्रति महिना औषत आम्दामी, रु.** | | | | | |
| महशुल आम्दामी, रु. | २२९ | २६५ | २८७ | २८७ | |
| अन्य आम्दामी, रु. | ६१ | ५७.६ | ६४ | ६४ | |
| जम्मा आम्दामी, रु. | **२९०** | **३२३** | **३५१** | **३५१** | |
| **प्रति ग्राहक घाटा, रु.** | **-९२** | **-४०** | **-११** | **-९२** | |
| **संकलन अवधि, दिन** | ६० | ६० | ५५ | ५० | |

**अनुसूची १**

महशुल निर्धारण आयोग वाट २०७० फाल्गुन १ गते बाट लागु हुने गरी निर्धारण गरिएको भरतपुर खानेपानी व्यवस्थापन वोर्डको नँया महशुल दर

| पाईप साइज | धारा किसिम | मिटर भएका धारा | | |
|---|---|---|---|---|
| | | न्यूनतम खपत लिटर | न्यूनतम महशुल दर रु. | बढी खपत महशुल दर रु. (प्रति हजार लिटर) |
| | | | कायम गरिएको | कायम गरिएको |
| १/२" | निजि/घरायसी | १०००० | १०० | १८ |
| १/२" | संस्थागत | १०००० | १३५ | २० |
| ३/४" | निजि,संस्थागत | २७००० | ९७५ | ३० |
| १" | निजि,संस्थागत | ५६००० | २०२० | ३० |
| पाईप साइज | धारा किसिम | मिटर नभएको धाराहरु | | थप शाखा धाराहरु |
| १/२" | निजि/घरायसी | २४००० | ८१० | ३०० |
| १/२" | संस्थागत | २४००० | १०८० | ५०० |
| ३/४" | निजि,संस्थागत | ६५००० | २७०० | २००० |
| १" | निजि,संस्थागत | १३५००० | ५४०० | ३३०० |

अन्य सेवाशुल्कहरु

| क. सं. | विवरण/आय शिर्षक | कायम गरिएको दर रु. |
|---|---|---|
| | | १/२ " |
| १ | निवेदनशुल्क | २००.०० |
| २ | धारा जडानशुल्क **(क)** | ४०००.०० |
| ३ | धरौटी | १०००.०० |
| ४ | नामसारी शुल्क, अंशवण्डा बाट प्राप्त गर्दा | ५००.०० |
| ५ | नामसारी शुल्क, अन्य तरिकाबाट प्राप्त गर्दा | १०००.०० |
| ६ | ठाउँसारी | २७००.०० |
| ७ | होलचेन्ज दस्तुर | ५००.०० |
| ८ | १/२" जि.आई. पाईप | परल मोल |
| ९ | मिटर बिक्री, १/२"**(ख)** | परल मोलमा १०% सेवा शुल्क लिई बिक्री तथा जडान गरिने |
| १० | फेरुल बिक्री,१/२"**(ग)** | परल मोलमा १०% सेवा शुल्क लिई बिक्री गरिने |
| ११ | ग्रहक कार्ड बिक्री | १०.०० |
| १२ | ग्रहक नम्बर प्लेट दस्तुर | १००.०० |

**(क)** समूहगत धारा तथा नेपाल सरकारको अधिकारिक निकायबाट विपन्न परिवार भनि परिभाषित भएको व्यक्तिलाई १/२" धारा जडान शुल्क र धरौटी रकमा ५०% छुट दिईनेछ।
**(ख)** १/२ " भन्दा ठूलो धाराको हकमा जडान खर्च, धरौटी, नामसारी, ठाँउसारी र होलचेन्ज शुल्क लिँदा १/२ " धाराको दररेटमा ३/४ " र १" को लागि क्रमशः २.२५ र ४.०० ले गुणा गरि लिईनेछ।
**(ग)** ग्राहकले गुणस्तरीय मिटर बजारबाट समेत खरिद गर्नसक्ने।
**(घ)** ग्राहकले गुणस्तरीय फेरुल बजारबाट समेत खरिद गर्नसक्ने।

# वोर्डका विविध गतिविधी सम्वन्धी केही फोटोहरु





भरतपुर उप-महानगरपालिकामा डिप वोरिङ्ग (DTH Method)





आँपटारि टंकी निर्माणको शिलान्यास तथा निर्माणका विभिन्न चरणहरु









पटिहानी खानेपानी आयोजनामा डिप बोरिङ कार्य



भल्व च्याम्बर निर्माण हुँदै




पाइप लाइन मर्मत





सह-लगानी कार्यक्रम अर्न्तगत धनगाडा खानेपानी आयोजनाको पानी टंकी निर्माणस्थलको माटो परिक्षण हुँदै





खा.पा. तथा स. स. डिभिजनबाट निर्माण कार्य अन्तिम चरणमा पुगेको प्रेम्बस्ती पानीटंकी



भरतपुर कार्यालय परिषरमा यस बर्ष निर्माण भएको सेड



मालपोत कार्यालय अगाडि पम्प स्टेशनमा ट्रान्सफर्मर जडान हुँदै




ए.डि.बि.ले काठमाडौंमा आयोजना गरेको Lesson Learning कार्यक्रममा  बोर्ड सदस्यज्यूहरु



खानेपानी तथा सरसफाई डिभिजन कार्यलयले आयोजना गरेको सह-लगानी सम्बन्धि उपभोक्ता समितिहरुको  तालिम



उपभोक्ता समिति मार्फत संचालित रोज गार्डेन खानेपानी आयोजना वोर्डलाई हस्तान्तरण गरिंदै







लामो समयसम्म पानी महशुल नतिरेका ग्राहकहरुको धारा काटिदै











मिटर बाइपास गरि पानी दुरुपयोग गरेका केहि दृष्यहरु









बिभिन्न वेल स्टेसनमा रहेका क्लोरिन डोजिङ यूटिहरु





वातावरणीय सरसफाई सम्वन्धि कार्यक्रमका केही झलकहरु




कर्मचारीहरुको तीन दिने अवलोकल भ्रमण

